**Spectrum of Humanities & Social Sciences**
Volume 1, Issue 1, April 2025
ISSN 3059-9849 (Print)
Published by Graduate School of Humanities and Social Sciences
Mid-West University, Birendranagar, Surkhet, Nepal
https://muodgshss.edu.np

***Peer Reviewed Article***

# डोको रेडियोले माओवादी जनयुद्धमा गरेको मिसन पत्रकारिता

**[१] युवराज शर्मा, विद्यावारिधी शोधार्थी**
उप प्राध्यापक
मध्यपश्चिम विश्वविद्यालय, नेपाल
yubaraj30@gmail.com

**Article History**
*Received: 6 Jan 2025; Reviewed: 20 Feb 2025; Revised: 5 March 2025; Accepted: 5 April 2025; Published: 21 April 2025*

**सहलेखन: [२] दिपेन्द्र शर्मा**
कुशेखवर डट कमका सञ्चालक/सम्पादक

## सारसङ्क्षेप

*नेपालमा चलेको दशवर्षे जनयुद्धको अवधिमा आफ्ना राजनीतिक गतिविधिहरुको प्रसारणका लागि तत्कालिन समयमा नेपाल कम्युनिस्ट पार्टी माओवादीले डोको रेडियोको प्रयोग गरेको थियो । यस सन्दर्भमा यस अनुसन्धानात्मक लेखले उक्त समयमा विद्रोही माओवादीले सञ्चालन गरेको डोको रेडियोको स्थापना, कार्यक्रम उत्पादन र प्रसारण तथा यसले अभ्यास गरेको मिसन पत्रकारिताबारे अध्ययन गरेको छ । उक्त अध्ययनका लागि गुणात्मक अध्ययन विधिको प्रयोग गरी आमसञ्चार र रेडियो सञ्चालनसँग सम्बन्धित १२ जना व्यक्तिसँग खुल्ला प्रश्नावलीको प्रयोग गरी मुख्य सूचक अन्तर्वार्ता (Key Informants Interview) सञ्चालन गरिएको थियो । प्राप्त तथ्याङ्कका आधारमा नतिजा विश्लेषण गर्दा नेकपा माओवादीले गरेको विद्रोहको उद्देश्य पूरा गर्न माओवादीसम्बद्ध पत्रकारहरुले घुम्ति अर्थात डोको रेडियो सञ्चालन गरी मिसन पत्रकारिता गरेको पाइयो । यसका अतिरिक्त डोको रेडियोले किसान, मजदुर, जनजाति, महिला, दलित आदिको आवाज उठाए पनि पत्रकारिताको आधारभूत सिद्धान्तलाई भने अवलम्बन गरेको पाइएन । यिनले दिने सूचना, समाचार र कार्यक्रम माओवादी जनयुद्धप्रति समर्पित भएकोले डोको रेडियोहरू निश्पक्ष हुन सकेनन् र विश्वसनीयताको पनि अभाव देखियो । यस अध्ययनले सम्बन्धित सरोकारवालालाई तत्कालिन विद्रोही समूहले स्थापना गरेको रेडियोले गर्ने मिसन पत्रकारिताबारे बुझ्न सहयोग गर्दछ ।*

## शब्दकुञ्जिका

*सञ्चार माध्यम, आमसञ्चार, जनयुद्ध, डोको रेडियो, मिसन पत्रकारिता*

## अध्ययनको पृष्ठभूमी

तारहित प्रविधिको प्रयोग गरी एक ठाँउबाट निकै टाढासम्म सूचना, सन्देश, जानकारी, समाचार र अन्य सञ्चार सामग्रीहरु प्रसारण गर्ने माध्यमलाई रेडियो भनिन्छ । यो विशेष गरी कानका लागि हुन्छ । असाक्षर मानिसले पनि सजिलै बुझ्ने भाषामा सामग्री प्रसारण हुने हुँदा यो धेरैको रोजाइको सञ्चार माध्यम बन्न पुगेको छ । रेडियो प्रसारण सुन्नका लागि आवश्यक पर्ने रेडियो सेट थोरै लगानीमा खरिद गर्न सकिने, एक ठाँउबाट अर्को ठाँउसम्म बोकेर सँगै लैजान सकिने र काम गर्दै पनि सुन्न सकिने भएकोले यो सहज माध्यम बन्न पुगेको छ । भौगोलिक कठिनाइले नछेक्ने र

**Copyright Information**: *Copyright 2025© The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

रेडियो श्रव्य माध्यम हो । हाम्रा इन्द्रीयको आधारमा रेडियो कानका लागि हुन्छ । असाक्षर व्यक्तिले पनि सजिलै बुझ्न सक्ने भएकोले रेडियोलाई धेरैले प्रयोग गर्न सक्दछन् । रेडियो स्टेसनको प्रसारण निश्चित भौगोलिक क्षेत्रमा मात्र सिमित हुन्छ तर आजभोली रेडियोले वेबसाइटमार्फत आफ्ना कार्यक्रम विश्वभर पुर्याउन सक्छन् (अधिकारी, २०६६) । यस्ता रेडियोबाट सार्वजनिक उद्देश्यका लागि तयार पारिएका कार्यक्रमहरु प्रसारित हुन्छन् । यसै सन्दर्भसँग सहमति जनाउँदै आचार्यले पनि रेडियोप्रति मानिसको झुकावबारे उजागर गरेका छन् । उनका अनुसार रेडियोले श्रवणयोग्य विद्युतीय तरङ्गमार्फत सन्देशहरु प्रवाहित गर्दछ । विशेष गरी विहान, बेलुका र काम गरिरहेका बेला मानिसहरुले रेडियो सुन्छन् । धेरै मानिसहरु पछिल्लो ताजा स्थितिका बारेमा जानकारी लिन रेडियोमा निर्भर हुन्छन् ।

आम स्रोतामाझ सूचनाको द्रुत प्रसारका लागि रेडियो आज पनि उत्तिकै प्रभावकारी छ । टाढा-टाढाबाट पठाइएको सन्देश सुन्न सकिने प्रविधिको विकास भएसँगै सुरुमा रेडियो मनोरञ्जनका लागि प्रयोग भयो । तर केही वर्षभित्रै यो पत्रकारिताको महत्वपूर्ण पक्षका रुपमा स्थापित हुन गयो । रेडियो पत्रकारितालाई परिभाषित गर्दै भण्डारी (२०७४) भन्छन् *"रेडियो पत्रकारिता शब्दभावको माध्यमबाट मानव मस्तिष्कमा सिर्जना गरिने दृश्यसहितको प्रसारण पत्रकारिता हो । जसमा कुनै सामाजिक घटना वा विषयलाई शब्द, भाव र आवाजको माध्यमबाट एक किसिमको दृश्य श्रोताको मानसपटलमा सृजित गरिन्छ । सूचना, समाचार, विचार, विश्लेषण, समीक्षा, छलफल, बहस, अन्तर्वार्ता लगायतका कार्यक्रमहरु रेडियो पत्रकारिताका महत्वपूर्ण विषयहरु हुन् ।"*

यसरी मानव जीवनमा सकारात्मक प्रभाव पार्ने रेडियोको प्रसारण सजिलै र एकै व्यक्तिले सम्भव भएको प्रणाली भने होइन । यसको विकासका लागि धेरै वैज्ञानिक र सञ्चारविज्ञको योगदान रहेको छ । रेडियो प्रविधिको प्रयोग गरी एक ठाउँमा बोलेर सङ्केतका रुपमा पठाएको कुरा हामीसँग भएको रेडियो सेटले आवाजमा परिवर्तन गरी हावामा फैलाउँछ र हामी रेडियो सुन्न सक्छौं । रेडियोले एउटा व्यक्तिलाई धेरै टाढा रहेको अर्को व्यक्तिसँग कुरा गर्न सम्भव तुल्याउँछ । मार्कोनीले सन १८९५ तिर सफलतापूर्वक परीक्षण गरेको बेतारको रेडियो तरङ्ग नै यसखाले कुराकानीको जननी हो । हामीले बोलेका कुरा रेडियो भएर फेरी मान्छेका कानसम्म पुग्नलाई चरणबद्ध प्रक्रियाहरु पार गर्नुपर्दछ । हामीले बोल्दा आवाजका तरङ्गहरु हावामा फैलिन्छन् । ति आवाजका तरङ्गलाई माइक्रोफोनले विद्युतीय तरङ्गमा परिणत गरिदिन्छ । यो विद्युतीय तरङ्ग तारको सहयोगमा आवाजहरुलाई मिसाउने उपकरण मिक्सिङ डेक्समा पुग्छ । मिक्सिङ डेक्समा टेप, अन्य माइक्रोफोन, सिडी, कम्प्युटर आदिबाट आवश्यक थप आवाजहरु पनि मिलाइन्छ र यी विद्युतीय आवाज फेरि तारमार्फत ट्रान्समिटरमा लगिन्छ । मैनाली (२०७२) का अनुसार *"ट्रान्समिटरले ती विद्युतीय तरङ्गलाई प्रशोधन गरी रेडियो तरङ्गमा बदलिदिन्छ । ट्रान्समिटरबाट निस्किएका रेडियो तरङ्गलाई एन्टिना केबुलमार्फत एन्टिना प्रणालीमा जोडिन्छ र एन्टिना डायपोलले रेडियो तरङ्गहरुलाई आकाशमा प्रवाहित गर्छ । यसरी रेडियो तरङ्ग फैलाउने ट्रान्समिटर Amplitude Modulation(Long Wave, Medium Wave, Short Wave) र Frequency Modulation प्रणालीका हुन सक्छन् जसलाई AM वा FM ट्रान्समिटर पनि भनिन्छ । यसरी फालिएका रेडियो तरङ्ग एन्टिना प्रणालीबाट सामान्यतया आकाशमा चारैतिर फैलन्छन् । यसरी आकाशमा फालिएको रेडियो तरङ्गलाई हामीसँग भएका रेडियो सेटको एन्टिनाले समाउँछ र त्यहाँभित्रका विद्युतीय उपकरणले रेडियो तरङ्गलाई श्रव्य सङ्केतमा बदल्छन् । रेडियो सेटको स्पिकरबाट हावामा आवाजका तरङ्गहरु फेरि फैलन्छन्, जसलाई हाम्रा कानले सुन्न सक्छन् । "* यहि प्रविधिको प्रयोग गरी नेपालमा पनि रेडियो प्रसारण भएको पाइन्छ ।

**नेपालमा रेडियो प्रसारण**

नेपालमा रेडियो सेटको प्रवेश १९८० को दशकतिर मात्र भएको अनुमान छ । दोस्रो विश्वयुद्ध सुरु हुनेबेला नै नेपालमा राणा, शाह लगायत उच्च वर्गका केही परिवारमा रेडियो सेट राख्ने चलन आइसकेको थियो । विशेषगरी राणा प्रधानमन्त्री चन्द्र समशेरको पालामा काठमाडौंमा विद्युत सेवा उपलब्ध भएपछि सम्पन्न वर्गले रेडियो सेट राख्न थालेका थिए । शुरुमा दरवारमा सिमित रहेको रेडियो सेट पछि विस्तारै दरवारका आसेपासे तथा भाईभारदारहरुले पनि राख्न थाले । यसरी दरबार बाहिर पुगेका रेडियो सेटहरुलाई दोस्रो विश्वयुद्धताका केही समय राणाहरुले खिचेर राखे । दोस्रो विश्वयुद्धपछि नै सर्वसाधारण जनतालाई रेडियो राख्न पाउने अनुमति मिलेको हो । बस्नेत (२०६४) का अनुसार *"नेपाली जनतालाई रेडियो प्रविधिको माध्यमबाट केही सुनाउने रचनात्मक कार्यको पहिलो सफल प्रयोग प्रधानमन्त्री पद्म समशेरको पालामा भएको पाइन्छ । उनकै अभिरुचीअनुसार विद्युत इञ्जिनियर काशीराज पाण्डेले काठमाडौं टुडिखेलको पूर्वतर्फ रहेको विजुली अड्डाबाट पहिलो पटक २००३ साल माघ १४ गते दिनको एकदेखि साढे एकबजेसम्म रामायणका श्लोकहरु प्रसारण गरेका थिए । नेपाली भूमिबाट नेपालको वायुमण्डलमा नेपाली रेडियो तरङ्ग प्रसारित भएको यो पहिलो घटना थियो । नेपाल ब्रोडकास्टिङ्ग नाम दिइएको यस प्रसारणबाट विशेष गरी धार्मिक चाडपर्वका दिन यसै प्रविधिबाट भजनहरु प्रसारण गर्ने गरिएको थियो । यो नेपाल ब्रोडकास्टिङ्ग धेरै समय चल्न सकेन । वि.सं. २००४ फागुनमा प्रधानमन्त्री पद्म समशेर सत्ताबाट हट्न बाध्य भई भारततर्फ पलायन भए । त्यसपछि प्रधानमन्त्री बनेका मोहन समशेरले यो प्रसारण प्रबन्धलाई बन्द गराए ।"*

नेपालमा रेडियोको स्थापना र सञ्चालन कहिले र कुन मितिमा भयो भन्ने कुरा अझै पनि विवादित छ । तर यसको स्थापना प्रजातान्त्रिक आन्दोलनसित जोडिएको कुरामा भने सबै सहमत छन् । रेडियो नेपालको स्थापना २००७ सालको प्रजातान्त्रिक आन्दोलनसित जोडिएको छ । २००७ सालको जनक्रान्तिमा प्रजातन्त्रको माग गर्दै पहिले भोजपुर र पछि विराटनगरबाट क्रान्तिकारीहरुले रेडियो सञ्चालन गरेका थिए । प्रजातन्त्रको

स्थापना पछि तिनै उपकरण काठमाडौं ल्याएर २००७ साल चैत्र २० गते रेडियो नेपालको औपचारिक रुपले प्रसारण शुरु भएको हो। क्षेत्री र तिवारी (२०६२) ले *"क्रान्तिको पहिलो रेडियो प्रसारण थलो भोजपुर नामक लेखमा द्रोण प्रसाद श्रेष्ठले भोजपुरबाटै पहिलो प्रसारण भएको दाबी गरेको उल्लेख गरेका छन्। श्रेष्ठका शब्दमा भूतले वर्तमान बनाउँछ र वर्तमानले भविष्यलाई डोर्याउँछ भन्ने यथार्थलाई कसैले पनि बिर्सनु हुँदैन। २००७ सालको क्रान्तिकालमा सर्वप्रथम रेडियो प्रसारण भोजपुरबाट भएको हो। तर केही अध्ययेताहरु भने रेडियोको पहिलो प्रसारण विराटनगर जुटमिलबाटै भएको ठोकुवा गर्छन। जेहोस् सबै एकमत भएको कुरा रेडियोको शुरुवात प्रजातान्त्रिक आन्दोलनसँग गाँसिएको छ।"*

प्राप्त सूचनाका आधारमा भन्न सकिन्छ कि-समाजलाई सुसूचित गर्न, ज्ञान दिन, प्रोत्साहित गर्न र मनोरञ्जन दिन रेडियो स्थापना हुने गरेका छन्। यसका अतिरिक्त राज्य वा सरकारसँग विमति जनाउँदै सशस्त्र युद्धको थालनी गरेका राजनीतिक दल वा अन्य समूहले आफ्ना सूचनाको वितरण गर्न, सरकारी सञ्चार माध्यमको प्रतिवाद गर्न र आफ्ना विचार प्रवाह गर्न आफैले सञ्चार माध्यम सञ्चालन गर्ने गरेको पाइन्छ। इन्टरनेटको सुविधा नभएको समाजमा पत्रिका र रेडियो सञ्चालन गरी विद्रोही समूहले सूचनाको वितरण गर्ने गरेको देखिन्छ। सुरक्षाका कारण लुकिछिपि मिडिया सञ्चालन गर्नुपर्ने भएकोले टेलिभिजनको सञ्चालन कठिनजस्तै मानिन्छ। पत्रिका सञ्चालन गर्दा पनि आवश्यक सामग्रीको व्यवस्थापन चुनौतीपूर्ण नै हुन्छ। तसर्थ विद्रोही समूहले सञ्चालन सहजताका आधारमा रेडियोलाई नै महत्व दिएको पाइन्छ। मानिसले बोकेर एक ठाउँबाट अर्को ठाउँसम्म सजिलै लैजान सक्ने भएकोले डोको रेडियो उनीहरुको रोजाइमा पर्ने गरेको हो। नेपालका ग्रामीण क्षेत्रमा आमसञ्चारका अन्य माध्यमभन्दा लोकप्रिय सञ्चार माध्यम पनि रेडियो नै हो। मानिसहरुले सूचना र समाचार थाहा पाउँन रेडियोकै प्रयोग गर्दछन्। तसर्थ युद्धरत पक्षले जनतामाझ आफ्ना विचार र सन्देश प्रवाह गर्न रेडियोकै प्रयोग गरेको पाइन्छ। नेपालमा राणा शासनको अन्त्य र बहुदलीय प्रजातन्त्रको स्थापनाका लागि नेपाली काँग्रेसले थालेको सशस्त्र युद्ध र नेकपा माओवादीले थालेको १० वर्षे जनयुद्धका बेला सञ्चालित डोको रेडियोले राजनीतिक दलका पक्षमा सूचना र विचारको प्रवाह गरेको पाइन्छ। सरकारी सेनाको मनोवल घटाउँन, विद्रोही सेनाको मानोवल बढाउँन, सरकारी सञ्चार माध्यमको प्रतिकार गर्न र राजनीतिक दलले अङ्गीकार गरेका विचारलाई जनतामाझ फैलाउँन डोको रेडियोले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ।

## डोको रेडियोको परिचय

डोको रेडियो एक वैकल्पिक सञ्चार माध्यम हो जसले विशेष गरी युद्धरत समूहहरू वा आन्दोलनरत समूहका आवाज प्रवाह गर्ने उद्देश्य राख्छ। यो मिसन पत्रकारिताको सिद्धान्तमा आधारित रेडियो स्टेशन हो। डोको रेडियोले अधिकार प्राप्तिका लागि सङ्घर्षरत समूहलाई सघाउने गरी समाचार, विश्लेषण तथा विचारको प्रवाह गर्दछ। सामान्यतया विद्रोही समूह, मानवअधिकार कार्यकर्ता वा उत्पीडित समुदायको पक्षमा सामग्री उत्पादन गर्ने माध्यमको रूपमा डोको रेडियो सञ्चालन गर्ने गरिएको छ। यसको प्राथमिक उद्देश्य जनतासम्म सत्य तथ्य पुर्याउनु, दबाइएका आवाजलाई उजागर गर्नु र उत्पीडित समूहका समस्याको सम्बोधन गर्नु हो। विशेष गरी सञ्चारमाध्यमको स्वतन्त्रतालाई कुण्ठित गरिने द्वन्द्वग्रस्त क्षेत्रमा गोप्य रूपमा डोको रेडियो सञ्चालन गरिन्छ। यसका सामग्रीले राजनीतिक, सामाजिक तथा सैन्य विषयलाई केन्द्रित गर्दै विद्रोही सङ्घर्षरत समूहलाई वैचारिक समर्थन प्रदान गर्ने उद्देश्य राखेको हुन्छ (युनेस्को, २०१८)। समग्रमा डोको रेडियो क्रान्तिकारी पार्टी वा समूहका लागि सशक्त माध्यम बनेका छन्। यस्ता रेडियोले राजनीतिक विचारधारा, उद्देश्य र रणनीतिहरू जनतासम्म पुर्याउँन महत्वपूर्ण भूमिका खेलेका छन्। सरकारी सञ्चार माध्यममा प्रतिबन्धित भएका आवाजलाई जनतासम्म पुर्याउँने डोको रेडियो क्रान्तिकारी आन्दोलनका लागि प्रभावकारी माध्यम सावित भएका छन्।

## डोको रेडियोको अन्तर्राष्ट्रिय र राष्ट्रिय अभ्यास

आफ्ना विचारको प्रभावकारी प्रचार र स्थानीयसँगको सम्बन्ध सुधारका लागि विद्रोही समूहले विश्वब्यापि रुपमा डोको रेडियोको सञ्चालन र प्रयोग गरेको पाइन्छ। भियतनाम युद्ध (१९५५–१९७५) का बेला त्यहाँको नेसनल लिबरेशन फ्रन्टले रेडियो हानोईमार्फत आफ्ना सन्देशहरू प्रसारण गर्यो। यसले लडाकुहरू र जनतालाई एकीकृत गर्न मद्दत गर्यो (Nguyen, 1976)। त्यसैगरी क्युबाली क्रान्ति (१९५३–१९५९) का बेला त्यहाँको क्रान्तिकारी समूहले रेडियो रेबेल्डे (Radio Rebelde) सञ्चालन गरी सरकार विरोधी अभियानलाई जनतासम्म पुर्यायो। यस रेडियोले फिडेल क्यास्ट्रो र उनका सहयोद्धाहरूका गतिविधि र योजना प्रसारण गर्न महत्वपूर्ण भूमिका खेलेको थियो (Castro,1960)। त्यसैगरी दक्षिण अफ्रिकाको रङ्गभेद विरोधी आन्दोलनमा अफ्रिकन नेसनल कांग्रेस (ANC) ले रेडियो फ्रीडम सञ्चालन गरेर रङ्गभेद विरोधी सन्देशहरू प्रसारण गर्यो। यसले अन्तर्राष्ट्रिय समुदायलाई समेत दक्षिण अफ्रिकाका समस्या बुझ्न प्रेरित गर्यो (Mandela, 1995)।

त्यसैगरी नेपालमा रेडियो प्रसारणको गौरवमय इतिहास राणाविरोधी सशस्त्र विद्रोहसँगै गाँसिएको छ। नेपालको पूर्वी भेकमा राणाविरोधी क्रान्तिलाई उर्जा दिन र जनतालाई क्रान्तिप्रति अभिप्रेरित गर्न परीक्षणकै रुपमा भएपनि रेडियो प्रसारण प्रारम्भ गरिएको थियो। बस्नेत (२०६४) का अनुसार *"त्यस समय राणा प्रधानमन्त्री मोहन समशेरले राणाविरोधी गतिविधिबारे निगरानी राख्न र स्थानीय प्रशासकसँग सञ्चार सम्पर्कमा रहनका लागि आकासबाणी सेवा विस्तार गरेका थिए। मुक्ति सेनाले भोजपुर कब्जा गरेपछि त्यहाँ रहेको आकासवाणी उपकरणलाई नै प्रयोग गरेर नेपाली काँग्रेसका सशस्त्र योद्धाहरु नारदमुनि थुलुङ्ग, जयन्द्रबहादुर थपलिया आदिले २००७ साल मङ्सिर २५ गतेदेखि रेडियो प्रसारण गरे। क्रान्तिकारी*

*नेपाल रेडियोका नाममा भोजपुरबाट प्रसारण भएको यो रेडियो डोको रेडियो थियो । राणा विरोधी सशस्त्र सङ्घर्षलाई थप उर्जा दिन यो रेडियोलाई २००७ माघ २० गतेदेखि विराटनगरबाट प्रसारण गर्न थालियो । यसको नेतृत्व तारिणीप्रसाद कोइरालाले गरेका थिए । विराटनगरको रघुपति जुट मिलबाट प्रसारित यो रेडियो प्रसारणलाई प्रजातन्त्र नेपाल रेडियो नाम दिइएको थियो ।* " राणाकालमा पूर्वी नेपालबाट प्रसारण हुने प्रजातन्त्र नेपाल रेडियो र त्यसको शैलीबारे चर्चा गर्दै क्षेत्री र तिवारी (२०६२) ले आफ्नो अध्ययनमा नेपाली काँग्रेसका पक्षमा मिसन पत्रकारिता गरेको उल्लेख गरेका छन् । उनीहरुका अनुसार " *यो प्रजातन्त्र नेपाल रेडियो हो । हामी मुक्ति सङ्ग्रामको कुनै अज्ञात मोर्चाबाट बोलिरहेका छौं । राणा शासनविरुद्ध लागेका विद्रोहीहरुले सञ्चालन गरेको रेडियोबाट तारिणीप्रसाद कोईरालाले यस्तै बोली फुक्ने गर्थे । क्रान्तिकारीहरुसँग गोलिको अभाव भएका बेला रेडियोबाट विभिन्न ठाउँमा क्रान्तिकारीहरुले आक्रमण गरेर जित्दै गएको र राणाका सेनाहरुको भागाभाग भैरहेको जस्ता हल्ला पिटाउँदा मुक्ति सेनाको मनोबल बढेको र राणाका सेनाको मनोबल कमजोर भएको थियो । यसरी क्रान्तिकारीहरुले गोलिको काम रेडियोको बोलीबाट लिएका थिए । नेपालमा प्रजातन्त्रको स्थापना भएपछि २००७ साल चैत्र २० गते यसै रेडियोलाई काठमाडौं ल्याईयो र राष्ट्रिय प्रसारण संस्थाको रुपमा नेपाल रेडियो सञ्चालन गरियो ।* "

यि विभिन्न लेख र सन्दर्भको अध्ययन गर्दा विशेष परिस्थितिमा अधिकार प्राप्तिका लागि गरिने सशस्त्र युद्धमा युद्धरत पक्षले डोको रेडियो सञ्चालन गरी मिसन पत्रकारिता गर्ने गरेको पाइयो । यसै सन्दर्भलाई आधार बनाएर अध्ययन गरिएको यस लेखमा निम्नानुसारका उद्देश्यहरु रहेका छन् ।

**अध्ययनका उद्देश्यहरु**

१. डोको रेडियोले माओवादी जनयुद्धको समयमा अपनाएको पत्रकारिताको स्वरूपका बारे जानकारी हासिल गर्न ।

२. जनयुद्धको अवधिमा डोको रेडियोका कार्यक्रमको उत्पादन र प्रसारणको मूल्याङ्कन गर्न ।

३. माओवादी जनयुद्धप्रति समर्थन जुटाउन डोको रेडियोले जनतामा पारेको प्रभावको विश्लेषण गर्न ।

**अध्ययन विधि**

यो अध्ययन मूलतः गुणात्मक अनुसन्धान (Qualitative Research) विधिमा आधारित छ । यसमा डोको रेडियोको भूमिका, कार्यक्रम उत्पादन र प्रसारणको प्रभावलाई विश्लेषण गरिएको छ । गुणात्मक अध्ययनले तथ्याङ्कको सङ्ख्यात्मक रूपभन्दा पनि गुणात्मक पक्षलाई प्राथमिकता दिने भएकाले यो विधि विशेषगरी सामाजिक, राजनीतिक र सञ्चार क्षेत्रमा उपयुक्त मानिन्छ । अध्ययनका लागि आवश्यक तथ्याङ्क प्रमुख सूचकबाट अन्तर्वार्तामार्फत सङ्कलन गरिएको थियो । अन्तर्वार्ताका लागि विभिन्न सामाजिक, राजनीतिक र सञ्चार माध्यमसँग सम्बन्धित व्यक्तिहरूलाई समेटिएको थियो । उद्देश्यपूर्ण नमुना छनौट विधि (purposive sampling method) अन्तर्गत माओवादी जनयुद्धको समयमा डोको रेडियोसँग सम्बन्धित सञ्चालक, पत्रकार, कार्यक्रम निर्माता, स्रोता र विशेषज्ञलाई उत्तरदाताका रुपमा छनोट गरिएको थियो ।

यस क्रममा डोको रेडियोको सञ्चालन, उद्देश्य र चुनौतीबारे जानकारीका लागि डोको रेडियोका सञ्चालक वा प्रमुख मध्येबाट पाँचजना, रेडियोका सामग्री र तिनको प्रभावबारे प्रत्यक्ष जानकारी दिने स्रोतका रुपमा डोको रेडियोका श्रोताहरू तीनजना र डोको रेडियोले समाजमा पारेको प्रभावबारे विश्लेषणात्मक दृष्टिकोण राजनीतिक, सामाजिक सरोकारवाला वा सञ्चार विशेषज्ञ मध्येबाट चारजना अन्तर्वार्तादाताहरूको सहभागिता थियो । अन्तर्वार्ता प्रक्रियालाई व्यवस्थित गर्नका लागि जम्मा १२ ओटा खुल्ला प्रश्नहरू तयार गरिएको थियो । तथ्याङ्कलाई थप विश्वसनीय र सन्दर्भमा आधारित बनाउन तत्कालिन समयमा जनयुद्ध, डोको रेडियो र सञ्चार माध्यमको भूमिकासम्बन्धी प्रकाशित अनुसन्धानपत्र, लेख, समाचार, समाचार विश्लेषण र अन्य द्वितीय सामग्रीहरूको समेत अध्ययन र उपयोग गरिएको थियो । द्वितीय स्रोतको निश्कर्षसँग मेल खाएका आधारमा प्रमुख सूचकबाट प्राप्त तथ्याङ्कको वैधता कायम गरिएको थियो । अन्तर्वार्ताबाट प्राप्त जानकारीलाई विभिन्न शीर्षकहरूमा वर्गीकृत गरी विश्लेषण गरियो । साथै डोको रेडियोका विभिन्न प्रसारण, कार्यक्रम, प्रसारण अवधि र शैलीको पनि विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा अन्तर्वार्तादाताहरूको गोपनीयता सुनिश्चित गर्न छद्मनाम (pseudonym) को प्रयोग गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

**माओवादी जनयुद्ध र डोको रेडियोको पृष्ठभूमि**

नेपालमा सर्वप्रथम पुष्पलाल प्रधान श्रेष्ठले कम्युनिष्ट पार्टीको स्थापना गरेका हुन् । त्यसपछि नेपालमा कम्युनिष्ट पार्टीको स्थापना गर्ने र फुटाउँने क्रम चलिरह्यो । कहिले वैचारिक त कहिले कार्यशैलीको कारण देखाउँदै कम्युनिष्ट पार्टी फुट्ने र जुट्ने क्रम अहिले पनि जारी नै छ । टुटफुटको चरण पार गर्दै नेकपा माओवादी पनि वर्तमान अवस्थासम्म आइपुगेको छ । वि.सं. २०५३ अघि विभिन्न कम्युनिष्ट पार्टीमध्ये माओवादी एउटा सानो कम्युनिष्ट समूह थियो । माओवादीको उत्पत्तिलाई २०३१ मा निर्मल लामा र मोहनविक्रम सिंहद्वारा स्थापना गरिएको नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन) सँग जोडेर हेर्ने गरिएको छ । पटक-पटकको विभाजनपछि मोहनविक्रम सिंह र उनी नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मसालबाहेक

चौथो महाधिवेशनमा संलग्न केही व्यक्तिहरूले २०४७ सालमा नेपाल कम्युनिस्ट पार्टी एकता केन्द्र (CPN-UC) को गठन गरे। यो पार्टी निर्मल लामा नेतृत्वको चौथो महाधिवेशन, प्रचण्ड (पुष्पकमल दाहाल) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मसाल र बाबुराम भट्टराई नेतृत्वमा छुट्टिएको समूह मिलेर बनेको थियो। नेपाल कम्युनिस्ट पार्टी एकता केन्द्र ले बाबुराम भट्टराईको नेतृत्वमा संयुक्त जनमोर्चा नेपाल (UPFN) गठन गरी निर्वाचनमा भाग लिने निर्णय गर्यो। वि.सं.२०५१ को मध्यावधि चुनावअघि नेपाल कम्युनिस्ट पार्टी एकता केन्द्र र संयुक्त जनमोर्चा नेपाल विभाजित भए। प्रचण्ड र बाबुराम भट्टराई नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी एकता केन्द्र (चुनावी मोर्चा-संयुक्त जनमोर्चा नेपाल) ले निर्वाचनमा भाग नलिने नीति पारित गर्दै निर्वाचन बहिष्कार गर्यो। Lawoti and Pahari (2010 A.D.) का अनुसार *"२०५२ मा नेपाल कम्युनिस्ट पार्टी एकता केन्द्रले तेस्रो बैठकमा आफ्नो नाम परिवर्तन गरी नेपाल कम्युनिस्ट पार्टी माओवादी राख्यो र सशस्त्र विद्रोह सुरु गर्ने निर्णय गर्यो। वि.सं.२०५२ माघ २२ गते बाबुराम भट्टराई नेतृत्वको संयुक्त जनमोर्चा नेपालले सरकारसमक्ष राष्ट्रियता, लोकतन्त्र र जनजीविकासम्बन्धी ४० सूत्रीय माग प्रस्तुत गर्यो। जसमा किसानका लागि जमिनको अधिकार, धर्मनिरपेक्ष राज्य, महिला, दलित तथा आदिवासीको अधिकार, नयाँ संविधान निर्माण र नेपाल-भारत सम्बन्ध केन्द्रित मागहरु थिए। माग पूरा नभएमा विद्रोह थाल्ने अल्टिमेटम दिइयो। सरकारलाई दिएको अल्टिमेटम समाप्त हुने चार दिनअघि वि.सं. २०५२ फागुन एक गते माओवादीले मध्य-पश्चिमका दुई र मध्यक्षेत्रको एक जिल्लाका ग्रामीण प्रहरी चौकीमा आक्रमण गरी सशस्त्र विद्रोहको सुरुवात गर्यो। वि.सं.२०५२ मा ग्रामीण क्षेत्रबाट सुरु भएको यो विद्रोह द्रुत गतिमा फैलियो। यो विद्रोहको सुरुवात र विकास हुनुका पछाडी विभिन्न ऐतिहासिक, वैचारिक र सामाजिक कारणहरु थिए।"*

जनयुद्ध लडिरहेको माओवादीले तत्कालिन समयमा जनताको पक्षमा सूचना प्रवाह गर्न र वैकल्पिक सञ्चार माध्यमको विकास गर्न डोको रेडियोको रुपमा रेडियो जनगणतन्त्र नेपालको स्थापना गरेको थियो। यसको प्राथमिक उद्देश्य जनताको आवाजलाई मुखरित गर्दै मुलधारको सञ्चार वा पत्रकारितामा ल्याउनु रहेको थियो । यस्ता रेडियोहरु राज्यको अनुमतिविना लुकिछिपि सञ्चालन गरिन्थे। देशका विभिन्न भागमा रेडियो जनगणतन्त्र नेपालका विभिन्न प्रसारणहरु सुनिन्थे। स्थान विशेषलाई मध्येनजर गरी रेडियो प्रसारण गर्ने गरिन्थ्यो। सापकोटा (२०६१) का अनुसार- *"माओवादी आधार क्षेत्र मानिने सल्यान, रोल्पा र रुकुम जिल्लाबाट प्रसारण हुने विशेष क्षेत्रीय प्रसारण केन्द्र १४–१५ जिल्लामा सुनिन्थ्यो। यो प्रसारण आधार क्षेत्रलगाएत जाजरकोट, सुर्खेत, दैलेख, अछाम, बाँके, बर्दिया, दाङ, प्युठान, गुल्मी, अर्घाखाँची, वाग्लुङ, पाल्पा र भारतको गोण्डा शहरसम्म पनि सुनिन्थ्यो। जनसेनाको सुरक्षा घेरामा रहेर प्रशारण भइरहेको यस प्रसारण सेवामा नेपाली, मगराती खाम र थारु भाषामा समाचार प्रसारण हुन्थे। यसका अलावा अग्रेजी भाषामा न्युज मिरर, विचारमूलक सामग्री, साता सन्दर्भ, साँस्कृतिक कार्यक्रम कोशेली, क्रान्ति सन्देश र सम्पादकीय प्रसारण हुन्थ्यो। त्यसैगरी शिक्षा र सन्देशमूलक कार्यक्रमहरुमा आधा संसार, जनसेना, जनसत्ता, साताको कुराकानी, गाउँघरका कुरा, साहित्य सिर्जना, शहीद गाथा, विविध माला, मेरो सन्देश, अनुरोध सङ्गीत, मलाई यस्तो लाग्छ, विचार मञ्च, मगराती खाम भाषाको कार्यक्रम साह्रो याम (चम्किलो बाटो) पनि प्रसारण हुन्थे।"*

त्यसैगरी गुल्मी, अर्घाखाँची र प्यूठान लगायत जिल्लाका स्थानीयहरु वास्तविक र भरपर्दो समाचारका लागि रेडियो जनगणतन्त्र नेपालको विशेष क्षेत्रीय प्रसारणकै भर पर्ने गरेको पन्थी (२०६२) ले उल्लेख गरेका छन्। उनले लेखेका छन्- *"यी जिल्लाअन्तर्गत कतिपय ठाउँका मान्छेहरु प्रत्येक साँझ र बिहान समाचार सुन्नको लागि डाँडा–डाँडामा रेडियो लिएर उक्लन्थे। अनि एकै ठाउँ जम्मा हुन्थे र रेडियो जनगणतन्त्रबाट समाचार सुन्थे। गुल्मीको अर्खावाङ्ग, पुर्कोट, धुर्कोट, नयाँगाउँ, अर्खले र सदरमुकाम तम्घासमा मात्र होइन पूर्वी क्षेत्रका विभिन्न गाउँमा पनि रेडियो जनगणतन्त्र सुन्न सकिन्थ्यो। माघ १९ को प्रतिगमनकारी शाही कू पछि तत्कालिन राजा ज्ञानेन्द्रले सञ्चारमाध्यममा समाचार प्रसारण गर्न रोक लगाएपछि रेडियो जनगणतन्त्रको महत्व अझ बढ्यो। काठमाडौं र बुटवलका पत्रकारले पनि फोनबाटै रेडियो जनगणतन्त्र सुन्ने गरेका थिए। आधिकारिक रुपले पुष्टि गरिएका समाचार सम्प्रेषण गर्दै जनताको रेडियो बन्नुपर्ने उनीहरुको सुझाव थियो।"*

त्यसैगरी खड्का (२०६१) का अनुसार रेडियो जनगणतन्त्र नेपालले गाउँ–गाउँमा तरङ्ग ल्याएको थियो। दुईचारवटा भरुवा बन्दुकका भरमा शुरु गरिएको जनयुद्धले आफ्नो जरा देशभर फैलाउन सफल मात्र भएन देशका सम्पूर्ण ग्रामिण इलाकामा नया सत्ता चलाइरहेको थियो। रेडियो जनगणतन्त्र नेपाल मध्यकमाण्ड (उपत्यका) को प्रसारण काठमाण्डौ लगायत २५–२६ वटा जिल्लामा सुनिन्थ्यो। यो रेडियो सुदुर पूर्वको ओखलढुङ्गा, संखुवासभाका केही भाग, तराइका बारा, पर्सा, सर्लाही, महोत्तरी, रौतहट लगायत दर्जनौं जिल्ला, पश्चिमतर्फ धादिङ, चितवन, तनहुँ हुँदै गोरखाका केही भू–भागका साथै उत्तरमा नुवाकोट र रसुवासम्म सुनिन्थ्यो।

सरकारी सञ्चार माध्यममा जनताको पहुँच नपुगेको बेला सञ्चालनमा आएका डोको रेडियोले जनसहभागितामा जोड दिए। शर्मा र धिताल (२०६३) का अनुसार विश्वमा रेडियो आविस्कार भएको एकसय तीन वर्ष र नेपालमा रेडियो तरङ्गहरु बज्न थालेको ५३ वर्षपछि नेपाली जनताको रगत र पसिनाले आर्जित यी रेडियो स्टेशनहरु प्रत्यक्ष जनताको नियन्त्रण र सुरक्षामा चलेका थिए। जनताले बुझ्ने भाषामा सूचना, विचार, वीरता र वलिदानका खवर प्रसारण गर्ने गरेका थिए।

वि.सं.२०७२ पुष १० गते खवर डवली डट कममा यसरी चलाएको थियो माओवादीले जनयुद्धकालमा डोके रेडियो शीर्षकको विश्लेषणात्मक लेख प्रकाशित छ। लेखमा उल्लेख भए अनुसार- साँझतिर माओवादी छापामारहरु प्रायः डाँडा उक्लिरहेका हुन्थे। उनीहरुसँगै गाउँका समर्थक र मिलिशियाहरु पनि उक्लिन्थे। छोराछोरीलाई युद्धमा पठाएका बा–आमाहरु साथमा हुन्थे। एन्टेनाका टुप्पामा रेशमी तार बाधेर झुन्ड्याइएका हुन्थे।

रेडियो स्वाँ...गरी सुस्स्याईरहेको काठमाडौं नजिकका जिल्लाको मङ्गलबारे दिनचर्या नै थियो । मङ्गलबार तात्कालिन माओवादीले जनगणतन्त्र नेपाल मध्यकमाण्ड (उपत्यका) बज्ने बार थियो । छापामार, तिनका आफन्तहरु र मिलिशियाहरु रेडियो सङ्केत नटिप्ने बेशीबाट जनयुद्धका खबर सुन्न डाँडामा उक्लिन्थे । जब बज्थ्यो रेडियो जनगणन्तन्त्र तब किसानहरु रोकिन्थे हलो जोत्दा जोत्दै । महिलाहरु रोकिन्थे जाँतोमा मकै पिस्दा पिस्दै । जनयुद्धमा सञ्चालन भएका देशैभरका आधा दर्जन बढी डोके रेडियोहरु यसरी बनेका थिए जनताको सच्चा सारथि । खवरडवलीका अनुसार भक्तपूरका देवेन्द्र श्रेष्ठ 'दिवाकर' रेडियो सञ्चालन सम्बन्धि दक्ष प्राविधिक थिए । उतिबेला उनी माओवादी युद्धका लागि आवश्यक प्राविधिक सामग्रीको उत्पादन गर्थे । उनैले रेडियो सञ्चालन गर्न सकिनेबारे पार्टी नेतृत्वलाई जानकारी गराए । पार्टी नेतृत्वले पनि तत्कालै रेडियो सञ्चालनको अनुमति दियो । उतिबेला यूरोपमा रहेका माओवादी समर्थकहरुले रेडियो ट्रान्समिटर किनेर नेपाल पठाउथे । नेपाल सरकारबाट स्विकृति लिनुपर्ने भएका कारण विभिन्न नाम दिएर रेडियो ट्रान्समिटर र आवश्यक उपकरण त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै भित्र्याइन्थ्यो । दिवाकरले नै प्युठानको स्वर्गद्वारी आसपासबाट रेडियो जनगणतन्त्र नेपालको पहिलो परीक्षण प्रशारण गरेका हुन् । रेडियो सञ्चालनका लागि पत्रकार, प्राविधिक र सुरक्षा गरी तीन शाखा बनाइएका हुन्थे । प्रत्येक रेडियो स्टेशनका लागि जनमुक्ति सेनाको (९ देखि १५ जना सम्मको) सुरक्षा टुकडी हुन्थ्यो भने तीनजना प्राविधिक हुन्थे । उनीहरु रेडियो सञ्चालन हुने दिन सबैभन्दा अग्लो डाँडोमा पुग्थे र जेनेरेटरबाट ट्रान्समिटर सञ्चालन गर्थे । सेनाको नाइटभिजन हेलिकोप्टरले गस्ती गर्दा पनि उनीहरु रातको अँध्यारोमा गुपचुप रेडियो बजाईरहेका हुन्थे ।

### नतिजाको विश्लेषण र छलफल

अध्ययनका क्रममा उत्तरदाताका रुपमा छनोट गरिएका डोको रेडियोका सञ्चालक/ प्रमुखमध्ये पाँच जना, श्रोतामध्ये तीन जना र राजनीतिक/ सामाजिक सरोकारवाला/ सञ्चार विशेषज्ञ वा अनुसन्धानकर्तामध्ये चार जना गरी जम्मा १२ जना मूख्य सूचक अन्तर्वार्ताबाट प्राप्त तथ्याकलाई विभिन्न उपशीर्षकहरुमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।  यहाँ नेकपा माओवादीद्वारा सञ्चालित रेडियो जनगणतन्त्र नेपाल र देशैभरी प्रसारण हुने यसका पाँचवटै प्रसारणका बारेमा निम्नानुसारका छुट्टै उपशीर्षकमा विश्लेषण गरिएको छ । यसअन्तर्गत रेडियो जनगणतन्त्र नेपाल र यसका सबै प्रसारणको स्थापना, प्रसारण अवधि, कार्यक्रम उत्पादन, प्रसारण शैली, योगदान र चुनौतीबारे विश्लेषण गरिएको छ ।

### रेडियो जनगणतन्त्र नेपाल (डोको रेडियो) को स्थापना

वि.सं.२०६० भदौ २३ गते बासु स्मृति दिवशका दिनदेखि परिक्षण प्रसारण सुरु भएको रेडियोलाई अक्टुवर क्रान्तिको सन्दर्भ पारी २०६० कार्तिक २१ गते औपचारक उद्घाटन गरिएको हो ।  नेपाल कम्युनिस्ट पार्टी माओवादी सम्बद्ध सञ्चारकर्मी आजादका अनुसार "*रेडियो जनगणतन्त्र नेपालको उद्घाटन गर्दै माओवादी अध्यक्ष प्रचण्डले जनताको अन्तिम विजयको तयारीमा रेडियो जनगणतन्त्र नेपालले महत्वपूर्ण भूमिका खेल्ने कुरामा म विश्वास गर्छु भनेका थिए ।  माओवादीको विशेष क्षेत्रअन्तर्गत पर्ने रोल्पाको थवाङ्गबाट पहिलोपटक यो रेडियोको प्रसारण सुरू भएको थियो । सोही दिनदेखि  रेडियो जनगणतन्त्र नेपालको नामबाट देशका विभिन्न भागबाट पाँचवटा रेडियो प्रसारण हुन थालेका हुन् । नेकपा माओवादीले रेडियो जनगणतन्त्र नेपालअन्तर्गत पूर्वी प्रसारण, मध्य कमाण्ड (उपत्यका), राप्ती–धौलागिरी (विशेष क्षेत्र), भेरी–कर्णाली र सेती–महाकाली प्रसारण केन्द सञ्चालन गरेको थियो । रेडियो जनगणतन्त्र नेपाल देशैभरी ९५.१ मेगाहर्जबाट प्रसारण हुन्थ्यो  ।* "

नेपालमा ब्रोडकास्टिङ्गको सुरुवात यस्तै चोरी रेडियोबाट भएको हो । राज्यका विद्रोही समुहले मिसनको रुपमा भूमिगत अवस्थामा चलाएको रेडियो नै चोरी रेडियो हो । सरकारबिरोधी गतिबिधिलाई प्रसारणमा प्राथमिकता दिने भएकोले यस्ता रेडियोहरु प्रतिबन्धित हुन्छन् । यस्ता रेडियोमा कार्यरत पत्रकारले पनि विद्रोही राजनीतिक दल वा समूहकै पक्षमा काम गर्छन् । युद्ध पत्रकार एवम् सञ्चारविज्ञ जुगल भन्छन्- "*रेडियोका उपकरणलाई डोकोमा बोकेर घना जङ्गल वा विकट पहाडबाट प्रसारण गर्ने हुँदा यस्ता रेडियोलाई डोको रेडियो भन्ने गरियो । राज्यको नजरबाट लुकेर पार्टीका पक्षमा सञ्चार गर्नुपर्ने भएकोले लुकिछिपी डोकोमा रेडियो संयन्त्रलाई बोकेर अग्ला डाँडामा पुग्थ्यौँ र प्रसारण गर्थ्यौँ । रेडियोको औपचारक उद्घाटन हुनुअघि परीक्षण प्रसारण गर्न सफल भएकोमा रेडियो जनगणतन्त्र नेपालमा कार्यरत हामीहरुलाई ठूलै युद्धमोर्चा जितेको अनुभूति भएको थियो ।* "

### रेडियो जनगणतन्त्र नेपाल पूर्वी प्रसारण सेवा

पूर्वाञ्चलका करिव १२ वटा जिल्लामा रेडियो जनगणतन्त्र नेपालको पूर्वी प्रसारण सुनिथ्यो । उदयपुरको कमेरेबाट परीक्षण प्रसारण आरम्भ गरेको यो रेडियो सोलुखुम्बुको पिल्ले (कालिडाँडो) डाँडा, खोटाङको ट्याम्के डाँडा र भोजपुरको खेनाबाटसमेत प्रसारण भयो । सुरु-सुरुमा हप्तामा एकदिन मात्रै सञ्चालन हुने रेडियो पछि हप्ताको चारदिन बज्न थाल्यो । अनेकौं दुःखकष्ट सहदै बचाएको रेडियोलाई शान्तिकालपछि धनकुटा र मोरङको सीमानामा स्टुडियो नै बनाएर दैनिक १८ घन्टासम्म सञ्चालन गरियो । यस रेडियोले च्वास्स नामक ब्यङग्यात्मक कार्यक्रम, जाँड–रक्सी, कुलत जस्ता सामाजिक विकृतीविरुद्धको चेतना दिने कार्यक्रम प्रसारण गर्यो । रेडियो जनगणतन्त्रकर्मीहरु विशुद्ध सञ्चारकर्मी मात्र थिएनन् बन्दुक बोक्दा बोक्दै माइक्रोफोनमा बोल्न पुगेका छापामारहरु थिए ।  जनतालाई सङ्गठित गराउँदा गराउँदै समाचार बटुल्न पुगेका सङ्गठक र मादल

बजाउँदा बजाउँदै युद्धका चिठी पढ्न पुगेका युद्ध सम्वाददाता थिए। पत्रकारिताको इतिहासमा कहिल्यै नदेखेको कसैले नलेखेको नयाँ अध्याय थियो युद्धकालिन पत्रकारिता (स्थलगत अन्तर्वार्ता, २०८१)।

**रेडियो जनगणतन्त्र नेपाल मध्य कमाण्ड (उपत्यका) प्रसारण सेवा**

मध्यमाञ्चल विकासक्षेत्रलाई माओवादीले मध्यकमाण्ड भनेर नामाकरण गरेको थियो। मध्य कमाण्ड रेडियोको प्रसारण काभ्रेबाट सुरु भएको थियो। रेडियोकर्मीहरु टेपरेकर्डरमा कार्यक्रम रेकर्ड गरिसकेपछि डोकोमा उपकरण बोकी उकालो लाग्थे। अग्लो डाँडामा गएर कार्यक्रम चलाउँथे। विभिन्न जिल्लाबाट जनता र स्थानीय पार्टीले पठाएका समाचारका आधारमा कहाँ के भइरहेको छ भन्ने थाहा पाउँथे। एक किसिमले सबै जनताहरु अघोषित युद्ध सम्वादाता नै थिए। मध्य कमाण्ड लगायतका रेडियोले एउटै स्थानबाट त परै जाओस एउटै डाँडोबाट समेत रेडियो बजाउन सकेनन्। नेपाली सेनाको अप्रेशन र उपस्थितिले डाँडा परिवर्तन गरिरहनु उनिहरुको बाध्यता थियो। त्यसैले उनीहरु आफ्नो सुरक्षाका लागि प्रत्येक हप्ता फरक फरक स्थानमा गएर कार्यक्रम चलाउँथे (स्थलगत अन्तर्वार्ता, २०८१)।

**रेडियो जनगणतन्त्र नेपाल विशेष क्षेत्र (राप्ती) प्रसारण सेवा**

जनयुद्धको उद्गमथलो रोल्पाबाट २०६० भाद्र २३ गतेबाट यस रेडियोको प्रसारण सुरु भएको थियो।  यस क्षेत्रबाट प्रशारण भएको कार्यक्रम रोल्पा, रुकुम, सल्यान लगायतका जिल्लामा सुनिन्थ्यो। यस क्षेत्रलाई माओवादीले आधार इलाका नाम दिएको थियो। यो रेडियो बिहान ५ बजे देखि ७ बजे सम्म र बेलुकी ५ बजेदेखि ९ बजेसम्म प्रशारण हुन्थ्यो। यो रेडियो आधार ईलाकामा भएका कारण दुईतीन महिनासम्म एकै स्थानबाट पनि प्रसारण हुन्थ्यो। यसको पहिलो प्रसारण चुनवाङ तिनबैनी डाँडाबाट सुरु भएको थियो। रेडियोकर्मीहरु रेडियो प्रसारणका लागि कहिले रोल्पाको जलजलामा डोकोमा रेडियो बोकेर पुगे, कहिले रुकुमको झिझिडाँडा त कहिले रुकुमको लेकसम्म। राज्यपक्षले रेडियो निस्तेज पार्न धेरै नै कोशिस गर्यो। सेनाको ब्यारेकबाट कब्जा गरेको सञ्चार सेट रेडियोकर्मीसँग थियो र उनीहरु त्यसैबाट कतिपय समाचार पाउँथे (स्थलगत अन्तर्वार्ता, २०८१)।

**रेडियो जनगणतन्त्र नेपाल भेरी कर्णाली प्रसारण केन्द्र**

२०६० साउन २३ गतेबाट रेडियो जनगणतन्त्र नेपाल भेरी कर्णाली प्रसारण केन्द्रले प्रसारण आरम्भ गरेको हो। यो रेडियो हरेक दिन बिहान तीन घन्टा र बेलुकी तीन घन्टा प्रसारण हुन्थ्यो। हुम्ला, जुम्ला, कालिकोट, जाजरकोट, दैलेखका भिर कन्दरा र टाकुराबाट यो रेडियो प्रसारण हुन्थ्यो। सर्वप्रथम जाजरकोटको बारेकोटस्थित सक्ला लैखम लेकबाट यो रेडियो प्रसारण भयो। अन्य प्रसारणजस्तै यसलाई पनि डोकोमै बोकेर प्रसारणस्थलसम्म पुर्याउनुपर्थ्यो। यस रेडियोले पनि युद्धकेन्द्रित भएर समाचारमुलक, जनसङ्गीत, आदिवासी जनजाति, महिला, किसान, जनमुक्ति सेनासँग सम्बन्धीत विषेश कार्यक्रम प्रसारण गर्थ्यो (स्थलगत अन्तर्वार्ता, २०८१)।

**रेडियो जनगणतन्त्र नेपाल सेती महाकाली प्रसारण केन्द्र**

पार्टीको योजना अनुसार रेडियो सञ्चालन गर्ने स्थानको छनोट हुने गर्दथ्यो। सुरक्षा चुनौती र प्राकृतिक विपत्तिका कारण सेति-महाकाली रेडियोलाई नियमितरुपमा सञ्चालन गर्न कठिनाई भएकै बेला तत्कालिन माओवादी सेनाले कञ्चनपुरको झलारी एफएम कब्जा गरेर सामान उपलब्ध गराएपछि भने यो रेडियो सञ्चालनमा केही राहत भएको थियो। रेडियोको सुरक्षाका लागि पार्टीले हतियार सहितको सुरक्षा टिम पनि खटाएको थियो। समाचार सङ्कलनका लागि पार्टीले व्यवस्थापन गरेका वेससेटहरु रेडियोमा रहेका थिए। त्यो पनि ५-१० किलोमिटरसम्म काम गर्ने खालका थिए। समाचार सङ्कलनको पहिलो आधार गाउँबाट प्रत्यक्ष लेखेर पठाएका समाचारहरु, दोस्रो आधार नेपाली र हिन्दी भाषामा प्रसारण हुने विविसी, तेस्रो आधार पार्टी कार्यक्रमका गतिविधि र खोजमुलक सामग्रीहरु थिए। यसको लागि जिल्ला-जिल्लाका सम्वाददाताहरु खटिएका थिए। उनीहरुले समाचार वा अन्य रचना रेडियोको ठेगानामा पठाउने गर्थे। काम गर्न सजिलोको लागि रेडियोमा विभिन्न शाखाको निर्माण गरिएको थियो। जसमा समाचार शाखा, कार्यक्रम उत्पादन र प्रसारण शाखा, प्रशासन शाखा, व्यवस्थापन शाखा र सुरक्षा शाखा रहेका थिए। यस प्रशारण केन्द्रको औपचारिक स्थापना २०६० साल मङ्सिर एकगते कालिकोटको कोटवाडाबाट भयो। त्यसपछि यस रेडियोलाई कालिकोटकै दुदुली लेक, अछामको रामारोशन डाँडा, भाटाकाँटीया डाँडा, रामारोशन गाउँ, कैलालीको चुरे कटौंच, डोटीको बर्छेन र सीमलगाएतका स्थानमा रेडियोको स्टेशन स्थापना गरेर प्रसारण गर्नुपरेको थियो। युद्धकालिन समय भएकाले सुरक्षाका कारण विभिन्न ठाउँमा रेडियो सार्नु हाम्रो बाध्यता थियो (स्थलगत अन्तर्वार्ता, २०८१)।

**रेडियो कार्यक्रम उत्पादन र प्रसारण**

रेडियोले राजनीतिक चेतना, क्रान्तिकारी गीतहरू, जनसुरक्षा र युद्ध रणनीतिसम्बन्धी जानकारीमूलक कार्यक्रमहरू सञ्चालन गर्यो। जनतालाई शिक्षित, सङ्गठित र सङ्घर्षका लागि प्रेरित गर्ने उद्देश्यले रेडियो कार्यक्रम उत्पादन र प्रसारण गरिन्थ्यो। रेडियोले मुख्यधारका सञ्चारमाध्यमले उपेक्षा गरेका जनताको मुद्दा उजागर गर्दै सत्यतथ्य सूचना प्रवाह गर्यो। यसले जनचेतना अभिवृद्धि गर्दै ग्रामीण क्षेत्रमा सशक्तीकरणको वातावरण निर्माण गरेको आजाद बताउँछन्। युद्धकालिन समयमा नेकपा माओवादीले सञ्चालन गरेका डोको रेडियोले निम्नानुसारका समाचार, सूचना र मनोरञ्जनात्मक कार्यक्रम प्रसारण गर्थेः

रेडियो जनगणतन्त्र नेपाल पूर्वी प्रसारणमा कार्यक्रमको सुरुवात अन्तर्राष्ट्रिय गीतको धुन, कोटेशन र धुन दिएर गरिन्थ्यो। त्यसपछि उद्घोषण गर्दै कार्यक्रमको रुपरेखा प्रस्तुत गरिएपछि एउटा स्वागत गीत बजाइन्थ्यो। त्यसपछि नेपाली भाषामा समाचार दिइन्थ्यो। यसबाहेक विचार सम्प्रेषण, घटना सन्दर्भ, श्रृजनात्मक साहित्य-सङ्गीत, वलिदानका गाथाहरु, गीती कथा, गाउँघरको कुरा र आजको दिन जस्ता कार्यक्रमहरु प्रस्तुत गर्ने गर्थ्यौं। रोकाय (२०८१) का अनुसार *“औपचारिक प्रसारण थालेको पाँचौं दिनदेखि पूर्वी प्रसारणले शेर्पा र वान्तवा भाषामा समेत समाचार दिन शुरु गरियो।*

| क्र. सं. | रेडियोको नाम | प्रसारण अवधि | कार्यक्रम | | |
|---|---|---|---|---|---|
| | | | **समाचार** | **सूचना** | **मनोरञ्जन** |
| १. | पूर्वी प्रसारण | हरेकदिन विहान र बेलुका तीन तीन घण्टा | समाचार,अन्तर्वार्ता, शेर्पा र वान्तवा भाषामा समाचार, घटना सन्दर्भ | सन्देश (सामाजिक, सांस्कृतिक, राजनीतिक) | जनसङ्गीत, पत्रसन्देश, श्रृजनात्मक साहित्य-सङ्गीत, वलिदानका गाथाहरु, गीती कथा, गाउँघरको कुरा, आजको दिन |
| २. | मध्य कमाण्ड प्रसारण | हरेकदिन विहान र बेलुका तीन तीन घण्टा | समाचार, अन्तर्वार्ता | सन्देश (सामाजिक, सांस्कृतिक, राजनीतिक) | पत्रसन्देश, तामाङ भाषाको कार्यक्रम, जनसम्बाद, शहीद गाथा |
| ३. | विशेष क्षेत्र प्रसारण | हरेकदिन विहान र बेलुका तीन तीन घण्टा | न्यूज बुलेटिन, समाचार बिश्लेषण | सन्देश (सामाजिक, सांस्कृतिक, राजनीतिक) | जनवादी गीत-सङ्गीत, शैक्षिक कार्यक्रम, |
| ४. | भेरी कर्णाली प्रसारण | हरेकदिन विहान र बेलुका तीन तीन घण्टा | समाचार | सन्देश (सामाजिक, सांस्कृतिक, राजनीतिक) | जनसङ्गीत, आदिवासी, जनजाति, महिला, किसान, जनमुक्ति सेनासम्बद्ध कार्यक्रम |
| ५. | सेती महाकाली प्रसारण | हरेक दिन विहान र बेलुका दुई दुई घण्टा | समाचार, थारु र डोटेली भाषाको समाचार | सन्देश (सामाजिक, सांस्कृतिक, राजनीतिक) | अन्तर्राष्ट्रिय गीत, माटो बोल्छ कार्यक्रम, जीवन दर्शन, कार्यक्रम बाजे नाती, समय समिक्षा, अनुरोध जनसङ्गीत, लोक देउडा, कार्यक्रम रैवारको पोको |

*२०६० माघ २ गते शुक्रवारदेखि मैथली भाषामा पनि समाचार दिन थालियो। २०६० माघ १३ गतेदेखि हप्ताको दुई पटक मङ्गलवार र शुक्रवार बेलुका ६ वजेदेखि नियमित रुपमा कार्यक्रम प्रसारण गर्न थालियो। यस रेडियोले समाचार, जनसङ्गीत र पत्रसन्देश जस्ता जनतासँग जोडिने कार्यक्रम प्रसारण गर्यो।”* त्यसैगरी मध्यकमाण्डमा सञ्चालित रेडियोले सुरुमा समाचार मात्र दिन्थ्यो तर केही समयपछि पत्रसन्देश, तामाङ भाषाको कार्यक्रम, जनसम्बाद, शहीद गाथा र अन्तर्वार्ता पनि प्रसारण गर्यो। रेडियोले सांस्कृतिक रुपान्तरणको समेत काम गरेको थियो। विशेष क्षेत्र (राप्ती) रेडियोले न्यूज बुलेटिन, समाचार बिश्लेषण, शैक्षिक कार्यक्रम, जनवादी गीत सङ्गीतजस्ता कार्यक्रमहरु सञ्चालन गरेको थियो। धिताल (२०६०) का अनुसार- *“रेडियो भेरी कर्णाली प्रसारण केन्द्रले साँझ नेपाली भाषाको समाचारपछि अङ्ग्रेजी भाषामा पनि समाचार प्रसारण गर्थ्यो।*

*त्यसैगरी एक्काईसौं शताब्दी नामक कार्यक्रमा जातीय, क्षेत्रीय, लैङ्गीक र वर्गीय उत्पीडनसम्बन्धी चर्चा हुन्थ्यो। रेडियोका अन्य वैचारिक कार्यक्रम पूरानो सत्ताको आलोचना, मालेमावाद र प्रचण्डपथको प्रचारकेन्द्रीत थिए। जनमुक्ति सेनाका किर्तिमान, शहीद जीवनी, आधुनिक कृषि प्रणालीजस्ता विषय पनि रेडियो कार्यक्रममा समेटिन्थ्यो। सबभन्दा लोकप्रिय त साँस्कृतिक कार्यक्रम नै थिए।”*

त्यसैगरी विवशका अनुसार सुरुसुरुमा विहान बेलुका आधा-आधा घण्टा प्रसारण गर्ने सेती महाकाली रेडियो विस्तारै विहान दुई र साँझ दुईघण्टा प्रसारण हुन थाल्यो। यस रेडियोले अन्तर्राष्ट्रिय गीत, माटो बोल्छ (राष्ट्रभक्ति गीतहरु), जीवन दर्शन, समाचार, थारु भाषाको समाचार,

डोटेली भाषाको समाचार, कार्यक्रम बाजे नाती, समय समीक्षा (सम्पादकीय) अनुरोध जनसङ्गीत, लोक देउडा, कार्यक्रम रैवारको पोको, जनसत्ता, जनसैनिक, जनशिक्षा, साहित्य सिर्जना, भावनाका छालहरु, नाटक र लोकसङ्गीत कार्यक्रम सञ्चालन गर्ने गर्थ्यो।

**रेडियोले अपनाएको मिसन पत्रकारिता**

माओवादीले जनयुद्ध सञ्चालन गरेको समयमा रेडियो जनगणतन्त्रले माओवादीका पक्षमा सूचना, समाचार र विचारको प्रसारण गर्यो। सरकारी सञ्चार माध्यमले दिने एकपक्षिय समाचारको खण्डन गर्दै डोको रेडियोले माओवादका पक्षमा मिसन पत्रकारिता नै गर्यो। गिरी (सन २००७) का अनुसार-नेपाली जनयुद्धका क्रममा नेपालमा नै युद्ध पत्रकारिताको एक मिसन खडा भयो। यसैबीच युद्धका समाचार बोकेर जनताको आँगनमा पुग्यो युद्धपत्रकारिता। विश्वकै पत्रकारिताको इतिहासलाई नियाल्ने हो भने युद्ध पत्रकारिताको अभ्यास भएको यो एउटा ज्वलन्त उदाहरण हो। माओवादी आन्दोलनका क्रममा युद्धको खबर बोकेर रेडियो जनताको आँगनमा जान थाल्यो। युद्धका बेला सरकारले माओवादी र उसले सञ्चालन गरेका मिडियामाथि निशेधको नीति लियो। माओवादीले चलाएका रेडियोलाई नियन्त्रण गर्न खोजियो।

रेडियोकर्मीले रेडियो उपकरणलाई डोकोमा बोकेर एक ठाउँबाट अर्को ठाउँसम्म पुर्याउँथे। यस रेडियोबाट पत्यक्ष प्रसारण नगरेर कुनै अमुक ठाउँमा बसी टेप रेकर्डरमा रेकर्ड गरिएका कार्यक्रम प्रसारण गरिन्थ्यो। डोकोमा सामान बोकेर अग्लो डाँडामा पुगेपछि सुकेका रुख वा लामा बाँसमा एन्टेना बाँधिन्थ्यो, बाँसलाई कडा चट्टानयुक्त ढुङ्गामा अड्याइन्थ्यो र कार्यक्रम सञ्चालन गरिन्थ्यो। प्रत्येक दिनको प्रसारण सकेपछि रेडियो उपकरणलाई झाडीमा लुकाएर रेडियोकर्मीहरु आफ्नै बासस्थानमा ओर्लन्थे। भूमिगत युद्धलाई सहयोग गर्न भूमिगत डोको रेडियोलाई भूमिगत नै रहेका सञ्चारकर्मीले सञ्चालन गर्ने गरेका थिए। डोको रेडियोमा काम गर्नेहरु सञ्चारकर्मी मात्र नभएर माओवादी विचारको प्रवाहसम्बद्ध मोर्चा सम्हाल्ने छापामार गुरिल्ला पनि थिए (शर्मा, २०८१)। शर्मा भन्छन् *"उनीहरु जहाँ पुग्थे त्यहीँ रेडियो खडा गर्थे र कार्यक्रम प्रसारण गरिहाल्थे। यस रेडियोले सरकारी सञ्चारमाध्यमले माओवादीप्रति लगाएका आरोपको प्रतिकार गर्थ्यो। सरकारी रेडियोले माओवादीप्रति गर्ने व्यवहारजस्तै डोको रेडियोले पनि सरकार र सरकारी निकायप्रति गर्थ्यो। सरकार नियन्त्रित रेडियो नेपालले माओवादीलाई आतङ्ककारी भन्थ्यो भने डोको रेडियोले सरकारी र तत्कालिन शाही सेनालाई जल्लादको उपमा दिने गरेको थियो।"*

डोको रेडियोले ग्रामीण समाजमा धेरै राम्रो प्रभाव पार्यो। सशस्त्र विद्रोहको समयमा बजाईएको डोको रेडियो विद्रोहीको सूचना सम्प्रेषणको माध्यम थियो। सञ्चारकर्मी कुलदिप भन्छन्- *"यसबाट उनीहरूको गतिविधि थाहा पाउन सकिन्थ्यो तर सबै ठाउँबाट सुन्न सकिदैनथ्यो। विशेषगरी सशस्त्र द्वन्द्वरत पक्षका सूचना तथा जानकारी जनतालाई दिने काम गर्यो। चेतना दिएर जनतामा जागरणमा ल्याउन रेडियो निकै प्रभावकारी देखियो। त्यतिबेला डोकोमा बोकेर डाँडामा स्टेसन बनाएर घुम्ती रेडियो सञ्चालन गरिन्थ्यो। शहरी क्षेत्रमा सुन्न गाह्रो थियो। कतै स्टेसन जोडिए पनि आवाज प्रष्ट थिएन। प्रसारण गर्ने क्षेत्रमा राम्रै सुनिन्थ्यो होला। माओवादी आन्दोलनको प्रभाव विस्तार गर्न डोको रेडियो सहयोगी देखियो। माओवादी पक्षमा जनमत निर्माण गर्न यसको भूमिका रह्यो। डोको रेडियो प्रसारणको नमूना नै थियो।"*

**ग्रामीण जनतामाझ सूचना प्रवाहमा रेडियोको भूमिका**

डोको रेडियोले ग्रामीण क्षेत्रका जनतामा आशाको सञ्चार गरेको थियो। विविध राजनीतिक घटनाक्रम र विचार विमर्शका कार्यक्रम सुनेर मानिसहरुमा राष्ट्रिय-अन्तर्राष्ट्रिय चेतनाको विकास भएको थियो। यो रेडियो प्रसारणले जनतामा थप उत्साह र जनयुद्धप्रति विश्वास थप्दै जनतालाई उत्प्रेरित गरिरहेको थियो। शर्मा (२०६०) का अनुसार *"समय नजिक आएपछि आँखाहरुले घडीतिर फन्को मार्न थाल्दछन्। रेडियो खुल्नुअघि हातहरु त्यता पुग्छन् र कानहरु खुल्ने सङ्केततिर केन्द्रित हुन्छन्। "अभिवादन हामी रेडियो जनगणतन्त्र नेपालबाट बोल्दैछौं", यो आवाजको श्रवण सँगसँगै प्रतिक्षाको एउटा घडी समाप्त हुन्छ। जनरेडियोको प्रसारणले जनतामा क्रान्तिकारी चेतना, विचार र भावनाको जन्म, विस्तार र सुदृढीकरण गर्ने कार्यलाई नया उर्जा प्रदान गरेको छ। यसले सूचना, सञ्चार, रेडियोप्रतिको धारणामा नै नया चेतना र बुझाइको बृद्धि गराएको छ। यो जनतामा मनोबल, आत्मबल, आत्मविश्वास र क्रान्तिप्रतिको विश्वस्तताको सबल र सहज उदाहरण बनेको छ।"*

यसलाई समानान्तर (नयाँ र पुरानो) सत्ता अभ्यासको एक नमुनाका रुपमा लिन सकिन्छ। सञ्चार प्रविधिमाथि जनपक्षीय हस्तक्षेप गरिएको थियो। रेडियोका स्रोता चिन्तनका अनुसार *"जनता र आम पार्टी पंक्तिमा क्रान्तिको आशा जागृत गर्ने सशक्त माध्यम बनेको थियो। विरोधीहरूले फैलाउने भ्रम र अफवाहक चिरफार गर्ने गर्थ्यो। रेडियो सुन्न लायकको थियो। जनताको आवाज बोल्थ्यो। जनअपेक्षा अनुसारका सूचना र सन्देश दिने भएकोले ग्रामीण क्षेत्रमा यसको प्रभाव परेको थियो।"*

अर्का स्रोता दुर्गेशको अनुभव पनि यस्तै छ। रेडियोले जनपक्षीय सूचना, जनपक्षीय आवाज, विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय घटना परिघटनाको विषयमा जानकारी दिन्थ्यो। युद्ध र मानवअधिकार सम्बन्धी सन्धि अभिसन्धिसम्बद्ध विविध जानकारीहरू दिन्थ्यो। उनका अनुसार *"जनताको आवाज दिएका कारण रेडियो कार्यक्रम उपलब्धीमूलक थिए। सन्देशमूलक, समाचार र क्रान्तिकारी गीतमार्फत मनोरञ्जन दिएर रेडियोले जनतालाई माओवादी आन्दोलनप्रति उत्साहित बनाएको थियो। रेडियोले दिने सूचनाकै आधारमा ग्रामीण क्षेत्रका जनताहरु सुरक्षाका दृष्टिले नाम परिवर्तन गरेर भए पनि माओवादीका कार्यक्रममा सहभागी हुने गरेका थिए।"*

अर्का स्रोता चिरणको पनि दुर्गेशको विचारसँग मिल्दो जवाफ छ । युद्धकालिन समयमा रेडियो जनगणतन्त्रलाई यथेष्ट मात्रामा सुनेका चिरणका अनुसार *"जनवादी गीत बजाउने रेडियोले मानिसहरुमा क्रान्तिकारी सोचको विकास गरेको थियो । आफ्नो विजयको कुरा गर्थ्यो । कार्यक्रममा सहभागी हुन आम मानिसलाई आह्वान गर्थ्यो । सरकारी पक्षलाई भने हत्यारा, जल्लाद जस्ता शब्दको प्रयोग गर्थ्यो । माओवादी विचारधाराको मात्र पक्ष लिने भएका कारण यसका समाचार निश्पक्ष थिएनन् । समग्रमा भन्दा यसले माओवादीको मिसन पूरा गर्न पार्टीलाई सहयोग पुग्नेगरी सञ्चार गर्ने गरेको थियो । "*

समग्रमा रेडियोले मानिसमा क्रान्तिकारी आशा जगाएको थियो । माओवादी पार्टीको नीतिलाई तल्लो तहसम्म जोडेको थियो । राज्यको नीति बुझ्न सहयोग गरेको थियो । सर्वहारा वर्गीय चेतना र न्युनतम आचरण निर्माणमा सघाउ पुर्याएको थियो । जनजीविकाका सवाल उठाउने भएकोले सबै मानिसमा रेडियोको प्रभाव परेको थियो । सामाजिक, सांस्कृतिक र राजनीतिक सन्देश दिने, विचारको प्रवाह गर्ने भएकोले रेडियोका सामग्रीबाट मानिसहरु प्रभावित भएको स्रोता र विज्ञहरुको भनाई छ ।

**डोको रेडियोको वर्तमान अवस्था**

दशवर्षे जनयुद्धका बेला नेकपा माओवादीले सञ्चालन गरेका केही रेडियो अहिले पनि अस्तित्वमै छन् भने केही बन्द भएका छन् । रेडियो जनगणतन्त्र नेपाललाई २०६४ साल मङ्सिर एकगतेदेखि सामुदायिक रेडियोको रूपमा रेडियो गणतन्त्रका नामबाट सञ्चालन गर्न थालियो । पूर्वी कमाण्डको रेडियो धरानबाट अहिले पनि रेडियो गणतन्त्रकै नामबाट चलिरहेको छ । त्यस्तै मध्यकमाण्डको जनगणतन्त्र रेडियो अहिले काठमाडौंको अनामनगरबाट रेडियो मिर्मिरेका नामबाट प्रसारण भइरहेको छ । त्यसैगरी माओवादीले आधार इलाका भनेको रोल्पामा सञ्चालित विशेष क्षेत्रको रेडियो अहिले रोल्पामै जलजला र दाङ्गमा रेडियो गणतन्त्रका नाममा सञ्चालित छन् । भेरी-कर्णाली क्षेत्रमा सञ्चालित रेडियो भेरी–कर्णाली जनगणतन्त्र एफ. एम. केही समय नेपालगञ्जमा जनआवाज रेडियोका नामबाट सञ्चालित भएपनि हाल बन्द भएको छ । त्यसैगरी सेती-महाकाली क्षेत्रमा रहेको रेडियो जनगणतन्त्र सेती-महाकालीलाई केही समय धनगडीबाट जनआवाज रेडियोको नामबाट सञ्चालन गरिएतापनि हाल यो रेडियो समेत बन्द भइसकेको छ । त्यसैगरी सुर्खेत हुँदै कालिकोटबाट प्रसारण हुने रेडियो भेक आवाज पनि अहिले बन्द भइसकेको छ । युद्धकालमा भन्दा फरक नाम दिएर सञ्चालन गरिएका यि रेडियोका कार्यक्रम, प्रस्तुति शैली र संरचनामा निकै परिमार्जन भएको पाइन्छ । मिसन पत्रकारिताको लक्षसहित स्थापना भएका यि रेडियोले व्यावसायिक प्रसारण थालेसँलै यिनका समाचार र कार्यक्रमको संरचनामा परिवर्तन हुन थालेको देखिन्छ ।

**चुनौतीहरू**

डोको रेडियोले ग्रामीण क्षेत्रमा विभिन्न चुनौतीको सामना गर्दै रेडियो पत्रकारिता गरेको थियो । दक्ष जनशक्तिको अभाव, सुरक्षा चुनौती, प्राकृतिक जोखिमका बीच पनि गर्दै र सिक्दै रेडियो पत्रकारिता गरिएको थियो । रेडियोकर्मी प्रविणका अनुसार- *"सामान्य अपरेटिङ्ग तालिमको आधारमा रेडियो उपकरणहरु जोडियो । बज्छ कि बज्दैन भन्ने कुनै ग्यारेण्टी थिएन । चलाउँदा चलाउँदै रेडियो बजिहाल्यो । रेडियो बजेको सुनेर ठाउँठाउँमा पार्टीका साथी र स्थानीय जनताहरुसमेत खुशीले नाचेको थाहा भयो । सुरु-सुरुमा जनवादी गीत सङ्गीतबाट परीक्षण प्रसारण भयो । त्यसपछि दैनिक समाचार र सामयिक समीक्षा दिन थाल्यौं । "*

युद्धपत्रकार/सञ्चारविज्ञ जुगल भूमिगत रुपमा रेडियो प्रसारण गर्दा आफुहरुले निकै समस्या झेल्नुपरेको बताउँछन् । ज्यानको आशा मारेर जनताको मुक्तिको लागि सञ्चार गरेको अनुभव सुनाउँदै उनी भन्छन्- *"डोकोमा बोकेर डाँडोको टुप्पोबाट बजाईने रेडियो स्टेशनमा साँझपख आकासमा घुमिरहेका सेनाका हेलिकोप्टरले बम खसालिदिन्थे । सेना हामीलाई खोज्दै हिड्थ्यो । एकपटक त सेनाको गोलीबाट हाम्रो आइएनटी ग्रुपका अपेक्षा र मिसायल घाइते नै हुनुभयो । कैयौं पटक हाम्रो सिङ्गो टोली नै सेनाको घेरामा पर्दा हामीले सचेततापूर्वक घेरा तोडेका छौं । कतिपय बेला त दुश्मन पल्लो र हामी वल्लो डाँडामा हुन्थ्यौ । बेला बखत प्राकृतिक विपत्ति पनि आइलाग्थे । विभिन्न प्रतिकूलताका बावजुद पनि हिंऊ र पानीमा रुझ्दै र भिज्दै, असिनाले पिटिदै प्राविधिक सामानहरु बचाएर प्रसारण सफल पार्थ्यौं । रेडियो जनगणतन्त्रमा कार्यरत रहदा हामीहरुले पार्टीको राजनैतिक मोर्चाको एउटा एसल्ट ग्रुपको रुपमा भूमिका निर्वाह गरेका थियौँ । "*

सेनाले फ्रिक्वेन्सी जुधाएर रेडियो जनगणतन्त्रको मध्यकमाण्ड (उपत्यका) प्रसारणलाई सुन्नै नमिल्ने बनायो । फ्रिक्वेन्सी परिवर्तन गरेर सञ्चालन गर्दा पनि केही लागेन । अन्तमा राज्यले मध्यमाञ्चलमा सञ्चालित यस रेडियोलाई बन्द गरी छाड्यो । भुमिगत रेडियो चलाउँदा प्रमुख समस्या इन्धनको हुन्थ्यो । रेडियोमा दुईखाले इन्धन (सौर्य र जेनेरेटर) को प्रयोग हुन्थ्यो । घाम लागेको बेला सोलार सिस्टमवाट व्याट्री चार्ज गरेर र घाम नलाग्दा जेनेरेटरबाट रेडियो प्रसारण गरिन्थ्यो । आफ्नो सुरक्षाका लागि स्थान परिवर्तन गरेर रेडियो सञ्चालन गर्दा पत्रकारहरुले निकै चुनौती झेल्नु परेको थियो । सञ्चारविज्ञ आजाद भन्छन्-*"अग्ला डाँडामा रेडियो सञ्चालन गर्नुपर्ने भएकोले प्राय चट्याङ लागेर रेडियोको ट्राँस्मीटर जल्ने गर्दथ्यो । डोटीको बर्छेनबाट प्रसारण भइरहेका बेला विस २०६२ साल पुसमा चट्याङ लागेर सेती महाकाली रेडियो जल्यो । त्यसपछि नियमित प्रसारण हुन नसकी यो रेडियो बन्द भयो । रेडियोका प्रमुख चुनौतीहरूमा सुरक्षाको जोखिम, प्राविधिक साधनको अभाव, स्थानान्तरणको कठिनाइ र राज्य पक्षबाट प्रतिबन्ध एवं निगरानीको सामना गर्नु परेको थियो । "*

डोको रेडियोले विचारकेन्द्रीत सञ्चार गर्ने गरेको आरोप पनि खेप्नुपरेको छ। सञ्चारविज्ञ पर्वतलाई भने डोको रेडियोले अलि बढी राजनीतिकेन्द्रित समाचार दिएजस्तो लाग्छ। उनका अनुसार- *"समुदायका चासो र सरोकारमा खासै ध्यान पुर्याएको देखिन्थेन। प्रसारण गर्ने निश्चित ठाउँबिना कतै लुकेर प्रसारण गरिने भएकोले यसको निष्पक्षता र विश्वसनीयता जाँच्न सकिन्नथ्यो। पत्रकारिताको आधारभूत सिद्धान्तलाई आत्मसाथ गरेको देखिएन। यसका समाचार तथा सूचना सामग्री एकपक्षीय थिए। कतिपय प्रोपोगाण्डा पनि गरिन्थ्यो। माओवादीका पक्षमा मिसन पत्रकारिता गरिने भएकोले यस्तो भएको हुनुपर्छ। डोको रेडियोले सूचना जसरी पनि सम्प्रेषण गर्न सकिन्छ भन्ने देखायो तर यसको गुणात्मकता जाँच्न भने सकिएन। छिटो, छरितो र आफ्नो अनुकूलतामा सूचना तथा सञ्चार गर्नुपर्छ भन्ने मान्यतामा आधारित भएको देखिन्थ्यो। "*

प्राप्त सूचनाको विश्लेषण गर्दा डोको रेडियोमा काम गर्ने सञ्चारकर्मीहरु युद्ध सम्वाददाता नै भएकोले उनीहरु सैनिक निगरानीमा परिरहन्थे। नेपाली सेनाको अप्रेसनका कारण उनीहरुले एकै स्थानबाट रेडियो प्रसारण गर्न सकेनन् र रेडियोलाई विभिन्न डाँडामा सारिरहे। त्यसवखत नेपालको सरकारले माओवादी समर्थित सञ्चार माध्यममा प्रतिवन्ध लगाएको थियो। डोको रेडियोकर्मीहरु पनि भूमिगत भएर सञ्चार कार्य गरिरहेका थिए। त्यतिबेला सेनाले रेडियो फ्रिक्वेन्सी जुधाएर सुन्नै नमिल्ने बनाइदिएको पाइयो। सरकारी सुरक्षाफौजले भेटेपछि उनीहरुमाथि गोली चलाउँने गरेको पाइयो। सेनाले रेडियो स्टेशनमै बम खसालिदिएका कारण सञ्चारकर्मी घाइते भएको तथा कतिपय सञ्चारकर्मीले हिरासत र जेल जीवन भोग्नुपरेको सूचना पाइयो। प्राकृतिक विपत्ति, इन्धनको असहज आपूर्ति, रेडियो मर्मत संभारका लागि आवश्यक उपकरणको प्राप्तिमा कठिनाई आदिका कारण डोको रेडियो सञ्चालन र कार्यक्रमको उत्पादन चुनौतीपूर्ण रहेको पाइयो।

डोको रेडियोले कुलत र सामाजिक विकृतिविरुद्ध जनचेतना जगाउँने काम गरे। राष्ट्रिय अन्तर्राष्ट्रिय सूचना र समाचारका साथै जनजाति, महिला, किसानसँग सम्बन्धित कार्यक्रममार्फत जनतालाई माओवादीसँग जोड्ने काम गरे। बन्दुक सँगसँगै माइक्रोफोन बोकेका युद्धपत्रकारहरुले छापामार शैलीमै माओवादीका पक्षमा जनमत सिर्जना गर्ने मिसन पूरा गरेको देखिन्छ। डोको रेडियोले पत्रकारिताको आधारभूत सिद्धान्तलाई भने आत्मसाथ गरेको पाइएन। यसको निश्पक्षता र विश्वसनीयता जाँच्न सकिएको थिएन। यसका समाचार र सूचना एकपक्षिय थिए। आफ्नो अनुकुलतामा सञ्चार गर्नुपर्छ भन्ने मान्यताले डोको रेडियो सञ्चालन गरेको पाइयो। समग्रमा यसले माओवादलाई जनतामाझ फैलाउँन सहयोग गर्यो तर यसका समाचार र कार्यक्रम भने सन्तुलित थिएनन्। सरकारी सञ्चार माध्यमको प्रतिकार गर्ने, माओवादका पक्षमा जनसमर्थन जुटाउँने र छापामारको मनोवल बढाउँने उद्देश्यले डोको रेडियो सञ्चालन गरेको पाइयो।

## निष्कर्ष र सिफारिस

राणाविरोधी सशस्त्र सङ्घर्षलाई सघाउन भोजपुरबाट प्रसारित क्रान्तिकारी नेपाल रेडियो र विराटनगरबाट प्रसारित प्रजातन्त्र नेपाल रेडियो हुन् वा माओवादी सशस्त्र युद्धलाई सघाउन देशका विभिन्न भागबाट प्रसारित रेडियो जनगणतन्त्र नेपाल हुन्, यी रेडियो प्रसारणको मुख्य उदेश्य विद्रोहलाई सहयोग गर्ने नै थियो। यि रेडियोले जनताको मुक्तिलाई केन्द्रमा राखी सशस्त्र सङ्घर्ष थालेका राजनीतिक दलका पक्षमा मिसन सञ्चार/पत्रकारिता गरेका थिए। राणा शासनको अन्त्य गरी नेपालमा प्रजातन्त्रको स्थापना गर्नका लागि नेपाली काँग्रेसले थालेको सशस्त्र सङ्घर्षका पक्षमा क्रान्तिकारी नेपाल रेडियो र प्रजातन्त्र नेपाल रेडियोले मिसन पत्रकारिता गरे भने विभिन्न ४० बुँदे माग राखी नेकपा माओवादीले थालेको सशस्त्र सङ्घर्षका पक्षमा रेडियो जनगणतन्त्र नेपालका सबै रेडियोले मिसन पत्रकारिता गरे। दशवर्षे जनयुद्धमा नेकपा माओवादीले आफु अनुकुलको वातावरण निर्माण गर्न एउटै नामबाट देशका विभिन्न स्थानबाट पाँचवटा रेडियो प्रसारण गर्यो। आफ्ना विचारप्रति जनतालाई अभिप्रेरित गर्न डोको रेडियोको अधिकतम प्रयोग गर्यो। सरकारी सञ्चार माध्यमले दिने एकतर्फी सूचनाको प्रतिवाद गर्दै नेता, कार्यकर्ता र जनसेनाको मनोबल उच्च राख्न डोको रेडियोले त्यतिबेला महत्वपूर्ण भूमिका खेल्यो। अन्तमा यस लेखले विद्रोही समूहले सञ्चालन गरेका रेडियोले मिसन पत्रकारिता गर्ने गरेको सन्दर्भलाई तथ्य र प्रमाणका आधारमा पुष्टि गरेको छ।

## लेखक परिचय

[१] युवराज शर्मा, मध्यपश्चिम विश्वविद्यालय, ग्र्याजुयट स्कुल अफ ह्युमानिटिज एण्ड सोसल साइन्सेस अन्तर्गत पत्रकारिता र आमसञ्चार विभाग सुर्खेतका उपप्राध्यापक हुनुहुन्छ। उहाँसँग पत्रिकाको सम्पादन, रेडियोको स्टेशन म्यानेजर र टेलिभिजन कार्यक्रम उत्पादनको अनुभव छ।

[२] दिपेन्द्र शर्मा कुशेखवर डट कमका सञ्चालक/सम्पादक हुनुहुन्छ। उहाँले मध्यपश्चिम विश्वविद्यालयबाट पत्रकारिता र आमसञ्चार विषयमा स्नातकोत्तर गर्नुभएको छ। उहाँ १८ वर्षदेखि पत्रकारिता पेशामा आवद्ध हुनुहुन्छ।

## सन्दर्भ सामग्री


अधिकारी, निर्मलमणि (२०६६), *आमसञ्चार र पत्रकारिता*, काठमाडौंः प्रशान्ति प्रकाशन ।

आचार्य, भानुभक्त (२०६५), *आमसञ्चार र पत्रकारिता अध्ययन*, काठमाडौंः प्रधान बुक हाउस ।

खवरडवली (२०७२ पुष १०), "*यसरी चलाएको थियो माओवादीले जनयुद्धकालमा डोके रेडियो*" https://khabardabali.com/news/52176

गिरी, बोमलाल (सन २००७), *डोके रेडियोको अध्ययन*, (अ.कृ.) विराटनगरः पूर्वाञ्चल विश्वविद्यालय ।

धिताल, मनऋषि (२०६० मङ्सिर २), *नेपालको पहाडि भू–भागमा जनगणतन्त्र रेडियोको सम्राज्य*, जनादेश साप्ताहिक वर्ष १२, अङ्क २८ ।

पन्थि, किशोर (२०६२ असार ७), *जब छ बज्छ जनता रेडियो बोकेर डाँडातिर उक्लिन्छन*, जनादेश साप्ताहिक वर्ष १४, अङ्क २८ ।

बस्नेत, श्रीरामसिंह (२०६४), *पत्रकारिताका आयाम*, काठमाडौंः पैरवी बुक हाउस ।

भण्डारी, टीका (२०७४), *रेडियो पत्रकारिता*, काठमाडौंः हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

मैनाली, रघु (२०७२), *रेडियो पद्धति*, काठमाडौंः भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

रोकाय, दीपेन्द्र (२०७२), *नाफाको जिन्दगी,* काठमाडौंः बुक आर्ट नेपाल ।

शर्मा, ओम र धिताल, मनऋषि (२०६३), *युद्ध पत्रकारिता*, काठमाडौंः नवनेपाल प्रकाशन ।

शर्मा, दिपेन्द्र (२०८१), *नेपालको युद्धकालिन पत्रकारितामा जनादेश साप्ताहिक पत्रिकाको भूमिका*, (अ.कृ.) सुर्खेतः मध्यपश्चिम विश्वविद्यालय ।

शर्मा, विज्ञान (२०६० माघ १३), *जनरेडियो, आवश्यकता, आकर्षण र सम्प्रेषण*, जनादेश साप्ताहिक बर्ष १३ अङ्क ९ ।

सापकोटा, दिपक (२०६१ माघ १९), *मध्यपश्चिमका धर्ती–आकाश गुञ्जाइरहेछ रेडियो जनगणतन्त्र नेपालको विशेष क्षेत्रीय प्रशारणले*, जनादेश साप्ताहिक वर्ष १४, अङ्क ८ ।

संगीता खडका (२०६१ बैशाख २२), *प्रत्येक बुधबार प्रतिक्षाको घडी बनेको रेडियो जनगणतन्त्र नेपाल*, जनादेश साप्ताहिक वर्ष १३ अङ्क २३ ।

क्षेत्री, अनिल र तिवारी, दीपकराज (२०६२), *नेपालमा रेडियोको इतिहास र विकास*, काठमाडौंः (कार्यपत्र, त्रिविवि) ।

Castro, F. (1960). *The role of radio rebelde in the cuban revolution*. Havana Press.

Lawoti, Mahendra and Pahari, Anup K. (2010). *The maoist insurgency in Nepal*. Routledge.

Mandela, N. (1995). *Long walk to freedom: The role of ANC's radio freedom*. Little, Brown and Company.

Nguyen, P. (1976). *Radio Hanoi and the Vietnam war*. Oxford University Press.

UNESCO. (2018). *Media and conflict:* The Role of Radio in Revolution.

**अनुसूची -१: अन्तर्वार्तामा सहभागीको विवरण**

| क्र.सं. | नामथर | ठेगाना | संलग्नता | कैफियत |
|---|---|---|---|---|
| १. | दीपक | पूर्वी प्रसारण | रेडियोकर्मी | |
| २. | समर | मध्यकमाण्ड(उपत्यका) प्रसारण | रेडियोकर्मी | |
| ३. | प्रविण | विशेष क्षेत्रीय(राप्ती) प्रसारण | रेडियोकर्मी | |
| ४. | रमण | भेरी कर्णाली प्रसारण | रेडियोकर्मी | |
| ५. | विवश | सुदुरपश्चिम प्रसारण | रेडियोकर्मी | |
| ६. | दुर्गेश | सुर्खेत | स्रोता | |
| ७. | पथिक | रुकुम पश्चिम | स्रोता | |
| ८. | चिरण | दैलेख | स्रोता | |
| ९. | जुगल | सिन्धुपाल्चोक | युद्धपत्रकार/सञ्चारविज्ञ | |
| १०. | आजाद | काठमाडौं | सञ्चारविज्ञ | |
| ११. | पर्वत | सुर्खेत | सञ्चारविज्ञ | |
| १२. | कुलदिप | सुर्खेत | सञ्चारविज्ञ | |

**अनुसूची -२ : प्रश्नावली**

**डोको रेडियोका सञ्चालक/प्रमुखसँग सोधिएका प्रश्नहरू (पाँच जनासँग)**

१. डोको रेडियोको स्थापना कसरी र किन गरियो? यसको प्राथमिक उद्देश्य के थियो ?

२. युद्धको समयमा रेडियोले के–कस्ता कार्यक्रमहरू सञ्चालन गऱ्यो ? ती कार्यक्रमहरूको उद्देश्य के थियो ?

३. रेडियोले युद्धकालमा सूचनाको प्रवाह र जनचेतना अभिवृद्धिमा कस्तो भूमिका खेल्यो ?

४. युद्धको समयमा सामना गर्नुपरेका प्रमुख चुनौतीहरू के–के थिए ?

**डोको रेडियोका श्रोताहरू (तीन जनासँग)**

५. तपाईंले पहिलो पटक डोको रेडियो सुन्दा कस्तो अनुभूति गर्नुभयो ?

६. डोको रेडियोका कार्यक्रमहरूबाट तपाईंले के–कस्ता जानकारी प्राप्त गर्नुभयो? ती जानकारी कत्तिको उपयोगी भए ?

७. डोको रेडियोका कार्यक्रमले तपाईंमा कस्तो प्रभाव पारेका थिए ?

**राजनीतिक/सामाजिक सरोकारवाला/सञ्चार विशेषज्ञ वा अनुसन्धानकर्ताहरू (चार जनासँग)**

८. डोको रेडियोले सशस्त्र सङ्घर्षको अवधिमा ग्रामीण समुदायमा कस्तो प्रभाव पार्‍यो ?

९. डोको रेडियोले माओवादी आन्दोलनलाई प्रवर्द्र्धन गर्न कस्तो भूमिका खेलेको थियो ?

१०. सञ्चार माध्यमका रूपमा यसले निष्पक्षता र विश्वसनीयता कायम राख्न सक्यो कि सकेन ? किन ?

११. डोको रेडियोलाई सामुदायिक पत्रकारिताको नमुनाका रूपमा कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

१२. युद्ध अवधिमा डोको रेडियोका सामग्रीले सञ्चारको परिभाषालाई कसरी परिवर्तन गरे ?